# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०७९/८०
चलानी नं.

गण्डकी प्रदेश, नेपाल
मिति : २०७९/१२/०५

## सुन्तला जात फलफूलको साना व्यावसायिक केन्द्र ( पकेट) विकास कार्यक्रम संचालनका लागी आवेदन माग सम्बन्धि सुचना !!!

**दोश्रो पटक प्रकाशित मिति : २०७९/१२/०५**

आ.व. ०७९/०८० मा कालीगण्डकी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कृषि शाखाको सशर्त अनुदान तर्फको "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना" अन्तर्गत सुन्तला जात फलफूलको साना व्यावसायिक कृषि उत्पादन केन्द्र ( पकेट) विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकाले कृषक समूह/ कृषि सहकारी/ जल/ बन उपभोक्ता समिति/ कृषि फर्महरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको १५ औं दिन भित्र अर्थात मिति २०७९/१२/१९ गते सम्म यस गाउँपालिकाको कृषि शाखामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल अनुसार तोकिएको ढाँचामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| क्र.स. | कार्यक्रमको नाम | इकाई | क्षेत्रफल | कुल बजेट | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सुन्तला जात फलफूल बाली पकेट विकास कार्यक्रमको निरन्तरता | हेक्टर | ७ | ६ लाख | कार्यक्रम कार्यान्वयन म्यानुअल अनुसार ५० देखि ८५ प्रतिशत सम्म | |
| २. | नयाँ सुन्तला जात फलफूल बाली पकेट विकास कार्यक्रम | | ७ | १२ लाख | | |

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :

१.सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
२.कार्यक्रम संचालन हुने स्थानको ( जग्गा/ जमिन) स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा १० बर्षको करार सम्झौता
३.अध्यक्ष/ प्रोपाइटर को नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४.पकेट माग गर्ने संस्थाको कार्य समितिको निर्णय प्रतिलिपि
५.अनुसूची- ६ र ७ बमोजिमको ढाँचामा आधारभूत तथ्यांक फारम
६.सम्बन्धित वडाको सिफारिस

( थप जानकारीको लागी कालीगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि शाखा वा सम्बन्धित वडाको कृषि इकाईमा सम्पर्क गर्नुहुन अनुरोध छ। )

देवेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np